ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-९ ❑ अङ्क-३५, २०७४ माघ १३ गते, शनिबार (Jan.27 2018Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या ६



यसरी हुदैछ सम्बन्धमा दरार



सप्तरी / सप्तरीको राजविराज नगरपालिका ६ का राकेश महर्जनले गत पुस ३० गते पत्नी कल्पना खनालसँग सम्बन्ध विच्छेदका लागि निवेदन दिए । ४ वर्षदेखि अलग्गै रहेको र अब पनि सँगै बस्न नसक्ने भन्दै उनले सम्बन्ध विच्छेदका माग गर्दै निवेदन दिएका हुन् ।

राकेशले ०६२ माघ १ गते गोर्खाको थालाजुङ ३ की कल्पना खनालसँग प्रेम विवाह गरेका थिए । उनीहरुले राजविराज नगरपालिकामा विवाह दर्ता गरेका थिए । दुई वर्षसम्म सम्बन्ध रामै्र चलेको थियो । ०६४ मसिर २५ गते उनीहरुकी छोरी (कृति) जन्मिइन् ।

'त्यसपछि एकाएक कल्पनाको व्यवहारमा परिवर्तन देखिन थाल्यो, त्यसको असर विस्तारै सम्बन्धमा पर्‍यो, उनको निवेदनमा उल्लेख छ, 'सुधार होला भन्दै प्रतीक्षा गरँ, तर त्यस्तो भएन ।'

आवश्यकता बढ्दै र व्यवहारले थिच्दै लगेपछि ०७० असोज १६ गते राकेश विदेश गए । यसैबीचमा घरमा कसैलाई जानकारी नै नदिई कल्पना माइत गइन् । उनीहरुबीच सम्पर्क बन्द भयो । राकेशले ०७४ साउन महिनामा घर फर्किएर श्रीमती र छोरीको खोजी गरे । जानकारी नै नभएको जवाफ दिँदै आएका ससुराली पक्षले राकेशको दबावपछि बल्ल मुख खोले । कल्पनाले ४ वर्षअघि धर्म परिवर्तन गरी क्रिस्चियन बनेर छोरीसहित भारतमा बसोबास गर्दै आएको खबर उनले सुने।

लामो समयदेखि पत्नीसँग सम्पर्क नभएकाले अब सम्बन्ध विच्छेद गर्ने

बाँकी ४ पृष्ठमा

राष्ट्रिय मावि सुधारका लागि पूर्व विद्यार्थीको 'हामी आफैं गर्छौं' अभियान

फत्तेपुर / सप्तरीको सप्तकोशी नगरपालिका १ स्थित राष्ट्रिय माविका पूर्वविद्यार्थीहरुले विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधारका लागि अभियान सुरु गरेका छन् ।

शनिवार विद्यालयमा आयोजित पूर्व विद्यार्थीको भेलाले परिवर्तन र विकासका लागि अरुको मुख ताक्न नहुने भन्दै 'हामी आफैं गर्छौं' नामक अभियान शुरु गरेका हुन ।

'परिवर्तन आफैंबाट सम्भव छ भन्ने पुष्टि गर्न अभियान चलाउने निर्णय भयो', अभियानका संयोजक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष खतिवडाले भने, 'एक वर्षभित्रै विद्यालयमा परिवर्तनका संकेतहरु देखिने गरी काम गर्छौं ।'

भौतिक पूर्वाधारका लागि दाताको आशा गर्ने र पढाइएको जिम्मेवारी शिक्षकको काँधमा थुपारेर जिम्मेवारी मुक्त हुने प्रवृत्तिले सामुदायिक विद्यालयको शैक्षिक स्तर दिनप्रतिदिन खस्कँदै गएकाले आफनो ठाउँका बालबालिकाका लागि गुणस्तरीय शिक्षाको ग्यारेन्टी गर्न आफूहरु अग्रसर भएको उनले बताए ।

५/६ हजार तलब खाएर मिहिनेत गर्ने बोर्डिङ स्कुलका शिक्षकले दिएको शिक्षा गुणस्तरीय हुने अनि सरकारी तलब खाने क्षमतावान् शिक्षकले पढाएका विद्यार्थी कमजोर हुने प्रवृत्तिको अन्त्य गर्न आफूहरु जुटेको पूर्वविद्यार्थीहरुले बताए ।

भेलाले अभियानका लागि व्यवस्थापन समितिका अध्यक्ष खतिवडाको संयोजकत्वमा १३ सदस्यीय समिति गठन गर्दै सहयोग कोष सञ्चालन तथा यसै आर्थिक वर्षदेखि कक्षा ११ को पढाइ सुरु गर्न पहल थाल्ने निर्णय समेत गरेको छ ।

अभियान अन्तर्गत गत शनिबारै विद्यालयमा रक्तदान पनि गरिएको थियो ।

प्रतिभाशाली दिदी बहिनी

सुनसरी / इटहरी-५ स्थित मकालु बोर्डिङमाअध्ययनरत दिदी बहिनीद्वय आरजु र आकृतीका अभिभावक सञ्जीव कटवाल तथा माया कटवालको निमित्त मात्र प्रेरक नभई पूरै टोल, नगर र विद्यालयको निमित्तनै उनीहरु आशा भरोशाका प्रतिक भएका छन् । आरजु र आकृतीले इटहरीका विविध संङ्गीतालयहरुबाट २०६७ देखिनै नृत्य, गायनतथा अभिनयको लिँदै आएका छन् । २०६८ देखिनै विभिन्न प्रतियोगीतामा पनि निरन्तर भाग लिँदै आइरहेका छन् । २०६८ को कोशी नटराज धरान, माई ट्यालेन्ट सो उर्लाबारी २०६८, नाचनाच इटहरी २०६९, एरीना टेलिभिजनद्वारा आयोजित ताइपाई स्कुलच्याम्स २०७०, एभीन्युज टेलिभिजनद्वारा आयोजीत होली आइडल २०७१, प्याप्सन सुनसरीले आयोजना गरेको लोक नृत्य प्रतियोगीता २०७१ मकालु विद्यालय जिल्ला तेस्रो भएका थिए । नेपाली चलचित्र बाजीगरमा सहायक नृत्यकारको भूमिका २०७२, ताप्लेजुङ सिङगीङ तथा डान्सीङ आइडल २०७३ मा अतिथि कलाकारको रुपमा सहभागी, नेपाल नाट्य तथा प्रज्ञाप्रतिस्थान काठमाडौंद्वारा

बाँकी अन्तिम पृष्ठमा





प्रतिभाशाली ....

पूवाञ्चलव्यापी एकल लोक नृत्य प्रतियोगीता बेलवारी २०७३ मा पूवाञ्चल प्रथम हुन सफल भएकीछन् । यस्तै राष्ट्रिय जागृतीक लव इटहरीले आयोजना गरेको लोक नृत्य प्रतियोगीतामा नागी डान्स इटहरी प्रथम भएकी छन् । पढाइमा पनि अब्वल रहेकी आरजुको प्रतिभाले मकालु विद्यालयका प्रिन्सिपल थानेश्वर ढकाल र सहप्रिन्सिपल मणि पौडेल प्रसंसा साथै गर्व गर्दछन् । हाल कक्षा १० मा रहकी आरजु नृत्य र पढाइलाईसँगै लैजाने विचार व्यक्त गर्दछिन् । भारतको जस्तै नेपालको पनि संङगीत बजार ठूलो भइदिएहुन्थ्यो भन्ने उनलाई लागेको छ ।

उनकै बहिनी आकृती भने बहुमुखी प्रतिभाको धनी छिन् । मकालु विद्यालयकै कक्षा आठमा अध्ययनरत उनी तीन कक्षादेखि हालसम्मकै कक्षाको प्रथम छात्रा हुन् । दिदीबहिनी नै नृत्यमा अब्वल छन् । यिनी त खेलकुदअन्तर्गत भलिबल, दौड प्रतियोगीतामा बराबर भाग लिन्छिन् । इटहरी एरीयाको २०७४ को दुई सय र चार सय मिटरको दौडमा क्रमशः दोस्रो स्थान हाँसिल छन् । बक्तृत्वकला २०७४ मा द्वितीय भएकी हुन् । इटहरीकै बाल एकल हाँस्यक्यारीकेचरको रुपमा प्रख्यात छिन् । हाँस्यकलाकार दीपा निरौलाले पनि यिनलाई प्रशंसा गरेपछि झनै उत्साहित छिन् । युनिक डान्स सेन्टर इटहरीले आयोजना गरेको खुला नृत्य प्रतियोगीता इटहरी-२०७४ मातीस प्रतिस्पधीबाट आकृतीले दोस्रो स्थान हाँसिल गरेकी छन् । दिदी बहिनिले प्राप्त गरेका मेडल तथा प्रमाणपत्रले विद्यालय र घर दुबैलाई नै उच्चतुल्याएको छ । छोरीको चाहाना अनुसार उनीहरुलाई कलाकारिता सिक्न र बुझ्न स्वतन्त्र छाडिदिएको उनका बाव सञ्जीव बताउछन् । केही बर्ष अघि फत्तेपुरबाट इटहरी बसाइ गएका कटवाल परिवार पुरै कलाकारितामा लागेको छ ।

तपाईहरूको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरू

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय माति

अगाडी फोन नं.: ०३१-५५०१८७

शीत-लहरीके समयमे ठण्डीसा लोकके मृत्युसेहो भ' सकैत छै तो,

- गरम कपडाक व्यवस्था करु ।
- शीत-लहरीके समयमे घरबाहर खुला स्थानमे बेशी समय नईं रहु, घर बाहर जाय परए वा बेशी समय रह' परए त गरम कपडा पहिरु ।
- राइतमे सिरक, कम्बल जेहन ओढना ओढू । घरभितर राइतमे सुतबाकाल शरीरके सँगहि छाती आ माथके झाँप' के ओरिआओन करु ।
- शीत-लहरी चलल समयमे आइग ताइपक' शरीरके गरमेने रहु, छाती आ माथके ठण्ढासँ बचाउ ।
- ठण्ढीके समयमे शरीरके लेल आवश्यक गरम खायबला वस्तुसब खाउ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन

एम्बुलेन्स
सम्पर्कः ९८४२४०४८०४,

नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) *जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

ॐ साई माता मनकामना आरोग्य सेन्टर प्रा.लि.



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग बिशेषज्ञ

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, **सल्लाहकार**: प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन कंसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, वेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान* **कार्यालय रेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१,**

सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण**: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय.....

धान उत्पादनमा ह्रास

सप्तरी जिल्ला अन्न भण्डारको जिल्लाको रुपमा परिचि छ । यहाँको धान उत्पादनले मुलुकका नागरिक आत्मनिर्भर हुदै आएका छन् । तर पछिल्लो समय धान उत्पादनमा ह्रास आउन थालेको छ ।

जिल्ला कृषि विकास कार्यालय सप्तरीको तथ्यांक अनुसार विगत ४ वर्षदेखि जिल्लामा लगातार धान उत्पादन घट्दो क्रममा छ । कुल ७० हजार हेक्टर खेतीयोग्य जमिनमध्ये यस वर्ष ५४ हजार ५ सय हेक्टरमा धान बाली लगाइएको थियो। यो तथ्याङ्कले सप्तरीको अन्न भण्डार नाम भेटिदै गएको संकेत गर्दछ ।

रोपाइँको समयमा पर्याप्त सिँचाइ नहुँदा ७ हजार हेक्टर जमिन बाँझै रहेको एउटा तथ्याङ्कले देखाएको छ । रोपाइँ भएको धानबालीसमेत साउनको दोश्रो र तेस्रो साताको बाढीले पुरेपछि कतिपय किसानले धानबाली उठाउनै पाएनन्।

सप्तरीको धान उत्पादनलाई बढाउन राज्यले पनि ध्यान पुऱ्याउनु पर्दछ । समस्यामा परेका कृषकहरुलाई राज्यले अनुदान तथा सहयोग उपलब्द गराउनु पर्दछ । कृषीमा आधुनिकरणका लागि विशेष ध्यान पुऱ्याउनु पर्दछ । कतिपय स्थानमा सिचाईको अभावले कृषकले भने जस्तो उत्पादन गर्न सकेका छैनन् । धान उत्पादनलाई बढाउन राज्यले सिचाईको ततकाल व्यवस्था गर्नु पर्दछ ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

राज्यसत्तामा समान हैसियतको सवाल

❐ उपेन्द्र झा

एउटा फरक संस्कृति तर भिन्न भिन्न पहिचान बोकेका मेचीदेखि महाकालीसम्म समथर भूभागमा बस्ने जातीय समूह जसलाई नेपालका शासकहरूले मधेशी तथा भूभागलाई मधेश भन्दै आए, ०६३ सालको माघे विद्रोह पछि मधेशीलाई नेपाली तथा समथर क्षेत्रलाई तराई भन्न थाले । लिखितममा यी कुराहरू समावेश भएपनि मानसिक रूपमा मधेश र मधेशी सधैं जीवित रहने शासकीय मनोवृतिमा भने किञ्चित परिवर्तन देखिएको छैन । नेपालका शासकहरूद्वारा सम्बोधित मधेश र मधेशी अमिट रूपमा बसेको शासकीय संस्कार शताब्दियौंदेखिको अभ्यासको प्रतिफल हो । यहींबाट मधेश र मधेशीलाई गरिएको भेदभावको बीजारोपण शुरू भएको हो ।

मधेशीहरू (नभागेर आएका, नभागेर गएका) परापूर्वकालदेखि अविच्छिन्न रूपमा आफ्नो भूभागमा बसि रहेका कारण नै आफूलाई धरतीपुत्र भनेका हुन् । राजनीतिक सीमाको फेरबदलसंग खासै सम्बन्ध नराखेको, आफ्नै जीवनशैली अनुसार मर्ने बाँच्ने परम्परामा रमाएका मधेशीहरू शताब्दियौं पछि बञ्चितीकरणप्रतिको चेतना प्राप्त गऱ्यो । पूर्व मेचीदेखि महाकालीसम्म जातीय समूहलाई मधेशी भन्ने अमिट रूपमा रहेको शासकीय परम्परा ०६३ को माघे विद्रोहपछि टुट्यो । मधेशलाई तराई भन्ने मधेशीलाई नेपाली भन्न थाल्दा व्यवहारमा केही परिवर्तन त देखियो तर मानसिकतामा खासै अन्तर देखिएन । शासकले मधेशलाई तराई भन्ने, मधेशी विदेशी हो भनेर थारूलाई मधेश विरूद्ध उचालेका कारण मधेशकै राजनीतिक अगुवाहरूमा मधेशलाई तराई भन्ने कि मधेश भन्ने ठूलो कन्फ्युजन शुरू भयो । एक दशकको लामो संघर्षपछि पनि मधेशका राजनीतिक अगुवाहरूले समाधान खोज्न नसकेर तराई मधेशको प्रयोग गर्न नै छाडि दिए । ०६३ माघे विद्रोह पछि अभ्यासमा रहेका मधेशका राजनीतिक दलहरू मधेशी जनअधिकार फोरम नेपाल, मधेशी जनअधिकार फोरम (मधेश), मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक), मधेशी जन अधिकार फोरम (गणतान्त्रिक), तराई मधेश लोकतान्त्रिक पार्टी, तराई मधेश सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पार्टी, तराई मधेश फोरम आदि जहाँ मधेशी भन्न र लेख्न रूचाउँथे, शासकले ल्याएको कन्फ्युजनलाई अगुवाहरूले निवारण गर्न सकेन र मधेशको पहिचान कायम गर्न दिनरात सपथ लिने नेताहरूले राज्य समक्ष आत्मसमर्पण गरे जस्तै यो बिषयलाई (तराई भन्ने कि मधेश) नै त्यागि दिए । आज मधेशको नाम राखेर एउटा पनि पार्टी संचालनमा छैन । यो बिषयलाई आत्मसमर्पण भन्ने कि मधेशको विकास ?

बर्बर सामन्ती युगदेखि मधेशप्रति शुरू भएको भेदभाव जब प्रजातान्त्रिक आन्दोलनपछिका लोकतान्त्रिक सरकारमा पनि निरन्तरता पायो त्यसपछि मधेशले आफ्नै धरातलबाट अधिकारका लागि विद्रोह गरेको हो । राज्यमा समानताको हक प्राप्त गर्न मधेशले "समग्र मधेश एक प्रदेश" को संघीय अवधारणा ल्याएको थियो । आफ्नो पहिचान कायम गर्न सयकडौं मधेशका वीर सपूतहरू शहादत दिए । सयकडौं अपाङ्ग बने, हजारौं घाईते अहिले पनि शारीरिक तथा मानसिक रूपमा उपचाररत छन् । तर मधेशलाई एक प्रदेश दिन शासकहरूले मानेन । बरू संघीय संरचनाको पासोमा मधेशलाई बाँधेर राखी दिए । ७ प्रदेशको संघीय संरचनाले मधेशलाई ६ टुक्रा पारेर मधेशलाई कंगाल मात्र बनाएन, आफ्नो वर्चस्वको गुलाम पनि बनाएको छ । सप्तरीदेखि पर्सासम्म ८ जिल्लालाई मात्र मधेश भन्न लगाएर बाँकी जिल्लालाई मधेश भन्न नपाईने गरि एक प्रकारको प्रतिबन्ध नै लगाएको छ । प्रदेश नं. २ मा पनि निर्वाध सरकार चलाउन नदिन अनेक छिद्र बनाएर यो प्रदेश बनाएको हो । यस्तो संघीय संरचना लिएर मधेशले के गर्ने । उसैको डोको उसैको टाउकोमा ठोको भने झैं संघीयतालाई नै मधेशको पतनको कारण बनाई दिएको छ । यथास्थितिलाई स्वीकार गरेपछि मात्र राजनीतिक प्रतिष्ठा कायम भएकोले यसलाई गुमाउन कोही चाहँदैन । अवसरवादीहरू संघर्ष गर्दैनन् । जनअधिकारका लागि संघर्षको थालनी क्रान्तिकारी वर्गले गर्छन । अवसरवादीहरू यसलाई मलजल गरेर आफ्नो अनुकूल बनाउन खोज्छ । भएको पनि त्यसै हो । मधेश आन्दोलनको शुरूवातसंगै अवसरवादीहरू चारैतिरबाट आएर पार्टीलाई कब्जा गरि आफ्नो अनुकूल चलाउँदै जाँदा यसको क्रान्तिकारी छवि समाप्त भयो र यसले अवसरवादीहरूको स्वार्थ पूरा गर्ने थलो बन्यो । फलतः जन सरोकारको विषयबाट च्यूत भई यथास्थितिको भडखालोमा जाकिन पुग्यो ।

जन साँख्यिकीको आधारमा नेपालमा दुई राष्ट्रको व्याख्या गर्ने मधेशका अगुवाहरू राज्यसंग वार्गेनिङबाहेक यसलाई आन्दोलनको बिषय बनाउन छाडेका छन् । मधेशको अधिकार लिन क्षेत्रीय पार्टीको रूपमा पहिचान बनेकोले मधेशमा काम गर्ने पार्टीहरूलाई सुहाएन । राष्ट्रिय पहिचान कायम गर्न यिनले क्षेत्रीय अवधारणा नै छोडे । अर्थात् मधेशप्रति राज्यले गरेको भेदभावको अन्त भएको संसफो र राजपाले स्वीकार गरि सकेका छन् । मधेशको इच्छा विपरित ल्याईएको भनिएको कालो संविधानको विरोध गर्न मनाईएको कालो दिवसमा दर्जनौं मधेशीहरूको बलि दिएर यही संविधानलाई ढोग्न पुगेका छन् । आत्मसमर्पण गरि सकेको अवस्थामा फर्किएको सालमा यिनले कालो दिवस मनाउने अब नैतिक दायित्व सम्फेन । कदम कदम पछाडि धकेल्ने राज्यको प्रयासले पराजय भोगेका मधेशका लागि काम गर्ने राजनीतिक दलहरू मधेशप्रतिको चिन्तन छाडेर विस्तारै आफ्नो अस्तित्व कसरी जोगाउने भन्ने बिषयतिर लागे । चुनाव बहिष्कार गर्ने दलहरू कसरी चुनावमा भाग लिएर अहिले प्रदेश सरकार बनाउन अगाडि देखिएका छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय दबावका बाबजूद चुनावमा भाग लिएर आत्मघाती निर्णय नगर्ने व्यक्तिहरू कसरी चुनावमा भाग लिए ? नैतिकहीनताको खस्केको धरातलमा उभिएर फेरि आन्दोलनको कुरा गर्ने यी राजनीतिक खेलाडीहरूलाई के भन्ने ।

"फुटाएर शासन गर्ने" राज्यको रणनीति अहिले मधेशलाई ६ भागमा बाँडेर संघीय संरचनाको नयाँ संस्करणमा ल्याएको छ । मधेशलाई ६ भागमा विभक्त गरि मधेशका राजनीतिक दलहरूलाई धरातलैबाट अलग्याउने, छोटो बनाउने जुन प्रयासहरू भए त्यसको विरूद्ध उभिनु पर्ने पार्टीहरू त्वम् शरणम्को जाप गरेर राज्यभक्ति कै कित्तामा उभिएका छन् । अर्थात् यथास्थितिवादी विचारको भासमा पुगेका छन् । के यथास्थितिवाद नै मधेशी समस्याको समाधान हो त ? कदापि होईन । अनुत्तरित सवाल जहिले पनि उत्तर पाउने आशमा गतिशील रहन्छ । आत्मसमर्पण गरि बसेका मधेशका दलहरूले मधेशको मुद्दा उचालेर वार्गेनिङबाहेक अधिकार दिलाउने आन्दोलनसम्म अब जाने आँट गर्न सक्दैन ।

कुनैबेला आफ्नै धरातलबाट आन्दोलन गर्ने भनेर अन्यान्य पार्टीमा रहेका मधेशीहरू लामो योगदानलाई बिर्सेर पनि मधेशको अधिकार दिलाउन लाम लागेका थिए । राज्य षडयन्त्र तथा मधेशी नेताहरूको रवैया देखेर आएकाहरू त मातृपार्टीमा फर्के नै, प्रतिनिधी सभाको चुनाव तथा प्रदेश सभाको चुनावताका जनाधार भएका धेरै मधेशी लीडरहरू एमाले, माओवादी केन्द्र र नेपाली काँग्रेसमा प्रवेश गरेर जीतेका पनि छन् । मधेशीहरू पलायनको यो दृश्यले त मधेश आन्दोलन नै समाप्त भएको जस्तो लाग्छ । तर त्यसो होईन, आन्दोलनका कुनै लक्षण देखा नपरेपनि विभेदका अन्तर्विरोधहरू शासकीय मनोवृतिमा चर्को रूपमा जीवित रहेका कारण तथा मधेशीहरूको मनमा पनि भेदभावप्रति अतिशय घृणा रहेका कारण आन्दोलन ज्वालामुखीको रूपमा सुसुप्तावस्थामा विद्यमान रहेको प्रष्ट छ । विगतमा एमाले सरकारले गरेको मधेशप्रतिको अपमानजनक व्यवहारले राज्य र मधेशबीच कोरी दिएको विभाजन रेखा यति छिटो मेटिनेवाला छैन । चर्को रूपमा रहेको अन्तर्विरोधका गीतहरू गाउन न राज्यले छोडेको छ न मधेशले । अहिलेसम्म सयकडौं शहादत दिई सकेको मधेशका वीर सपूतहरू राज्यद्वारा कसरी मारिए, मधेशले बिर्सेको छैन । मधेश आन्दोलनलाई जति निर्ममतापूर्वक दबाईएको हो यसले मधेशको युवामा मुक्ति आन्दोलनप्रतिको सम्बन्ध अझ प्रगाढ बनाई दिएको छ । बलिदानी संघर्षलाई पुनश्च संगठित पारि अगाडि बढाउन जनचेतना बढाई दिएको छ । राज्यसत्तामा समान हैसियतको अधिकार लिन मधेश अब किञ्चित पनि पछि नहट्ने जिद्द लिई सकेको छ ।

संघीय संरचनाको विविध प्रक्रिया अगाडि बढि सकेको छ । नेपाली काँग्रेसको सरकारले राष्ट्रिय सभाको गठन सम्बन्धी बाँकी जिम्मेवारी पूरा गरि सरकार छाड्ने बचनबद्धता निर्वाह गर्ला । केन्द्रीय सरकार बनाउन अग्राधिकार पाई सकेको बामगठबन्धन व्यग्रतापूर्ण प्रतीक्षा गरि रहेका छन् । त्यस्तै समथरको २२ जिल्ला मधेशको पहिचान कायम रहेकोलाई ८ जिल्लामा सिमित गरि दिएकोले संसफो र राजपा प्रदेश नं.२मा सरकार बनाउन उल्लेख्य सीट हासिल गरेका कारण सन्तुष्ट देखिएका छन् । आफूलाई संकुचित गरि दिएको कुरालाई बिर्सेर सरकार बनाउने अवसरको प्रतीक्षामा रमाई बसेका छन् ।

सरकार बनाउन वामगठबन्धनको अग्राधिकार डेमोक्रेटिक पावर सेन्टरलाई पाच्य भई रहेको छैन । अनेक असफल प्रयासमा लागेका कूटनीतिक नियोगका प्रमुखहरू बामगठबन्धनको मजबूत सम्बन्धलाई तोड्न सकि रहेको छैन । वामगठबन्धनले यसलाई अझ ठोस रूप दिन पार्टी एकीकरणको दिशामा बहस छलफल थालेको छ । एमाले र माओवादी केन्द्रको पार्टी एकीकरणको दिशा प्रष्ट भई सकेका कारण निकट भविष्यमा नै एकता हुने सम्भावना प्रवल देखिएको छ । कुनै तीब्र प्रहार भएन भने बामगठबन्धनले स्थिर सरकार दिनेमा किञ्चित शंका छैन । स्थिर सरकारका साथै विकासका एजेण्डा अघि सारेर जनविश्वास आर्जन गर्ने लक्ष्य लिएर सरकार अगाडि बढ्ने छ । त्यसपछि यो सरकारलाई ढाल्ने अनधिकृत प्रयास नै कहलिने छ र त्यो जनतालाई पनि मान्य नहुने प्रष्ट छ ।

जनता टाइम्स

२०७४ माघ १३, 27 Jan., 2017

हेड इन्जुरीबाट हुने मृत्यु कसरी रोक्ने?

डा उत्सव शर्मा

सडक दुर्घटना र अन्य दुर्घटनामा परी 'हेड इन्जुरी' भएर मृत्यु हुनेहरु धेरै हुन्छन्। दुर्घटना वा लडेर टाउकोमा चोट लागेपछि दिमागमा समस्या हुने प्रक्रियालाई हेड इन्जुरी भनिन्छ ।

विकसित देशमा भन्दा एसियाली देशमा टाउकोमा चोट लागेर मृत्यु हुने सम्भावना ज्यादा छ । कतिपय अवस्थामा बचाउन सकिने घाइते बिरामीको पनि समयमै विशेषज्ञ उपचार नपाएर ज्यान जाने गरेका घटना प्रसस्त छन्। बाँचेका पनि विकलाङ्ग भएका धेरै छन् ।

चाडबाड, विवाह, भोजभतेर आदिको समयमा मदिरा सेवन गरी सवारीसाधन चलाउने कारणले धेरै दुर्घटना हुनेगर्छन्। जसले गर्दा हेड इन्जुरीका बिरामी त्यसबेला धेरै हुन्छन्। काठमाडौं उपत्यकामा मापसे चेकिडका कारण दुर्घटना घटेसँगै हेड इन्जुरीको बिरामी पनि घटेका छन्। तर, उपत्यका बाहिर कडा रुपमा मापसे चेकिड नहुँदा दुर्घटना हुने र हेड इन्जुरीको समस्या बढ्ने गरेको छ। तर, उपत्यका बाहिर विशेषज्ञ चिकित्सक कम हुने भएकाले बिरामी जोखिममा पर्ने गर्छन् ।

विदेशमा सवारी साधनको गति तीव्र भएर दुर्घटना हुन्छ तर नेपालमा गति कम भए पनि दुर्घटना हुने र ज्यान गुमाउने धेरै छन्। निधन भएका मध्ये पनि धेरै युवा छन्। बढी जोखिम मोल्ने, मापासे गरी सवारी तीव्र गतिमा चलाउने, बढी दौडधुप गर्ने कारणले युवाले ज्यान गुमाइरहेका छन्। रोक्न र बचाउन सकिने हेड इन्जुरीबारे चर्चा र नियन्त्रणका गतिविधि अघि बढाउन ढिलाइ भइसकेको छ ।



हेड इन्जुरीका घटना गराउने दुर्घटना बढ्नुका कारण यस्ता छन् ।

- सडकको अवस्था कमजोर छ,
- सवारीसाधनको अवस्था पनि कमजोर,
- मदिरा सेवन गरी सवारी चलाउनु,
- लामो यात्रामा एउटै चालकले गाडी चलाउनु,
- क्षमताभन्दा बढी यात्रु बोक्नु,
- तीव्र गतिमा सवारी चलाउनु, आदि ।

सवारी दुर्घटनाबाहेक ग्रामीण क्षेत्रमा भीरबाट लडेर, रुखबाट लडेर पनि हेड इन्जुरी, स्पाइनल इन्जुरी भएका बिरामी धेरै आउँछन्। यस्ता दुर्घटनामा निधन हुने महिलाको संख्या धेरै छ ।

एक त हाम्रो सडकको अवस्था खस्किएको छ, त्यसमाथि पुराना बिग्रिएका सवारी साधन धराप थापेजस्ता सडकमा नियमित स्वास्थ्य जाँच नगरिएका चालकहरुले बढी यात्रु बोकेर चलाउँछन्। यसले दुर्घटनाको जोखिम निकै बढाएको छ । त्यसैले चालकको स्वास्थ्यवस्था नियमित जाँच गर्नु आवश्यक छ। सके ६ महिनामा नसके वर्षमा एकपटक चालकको नियमित स्वास्थ्य जाँच हुनैपर्छ।

मकहाँ घाइते भएर आएका कतिपय चालक वा नियमित जाँचमा आएका चालकमध्ये केहीलाई छारेरोग भएको पाएको छु। अब अनुमान गर्नुस् ड्राइभिङ गर्दागर्दै चालकलाई छारेरोग बल्झियो भने के होला?

सडक दुर्घटनामा घाइते भएर ज्यान गुमाएका मध्ये करिब ४० प्रतिशतको मृत्यको कारण टाउकोको चोट हुने गरेको छ।

टाउको र ढाड (मेरुदण्ड) मा चोट लागेका घाइतेको मृत्यु हुने सम्भावना धेरै हुन्छ। यदि, बाँचेमा विकलांग भएर हातखुट्टा नचल्ने, कसैको बोली नआउने, पक्षघात हुने हुन्छ। शरीरको अन्य भागमा चोट लागेको छ भने कि त बिरामीको मृत्यु हुन्छ कि निको भएर सामान्य अवस्थामा फर्कन्छ।

हामीले सडक दुर्घटनाबारे प्रभावकारी र व्यवस्थित कदम चाल्न सरकार, सरोकारवाला, न्युरो चिकित्सक, स्वास्थ्य, गृह, यातायात मन्त्रालय, सञ्चार माध्यमले मिलेर काम गर्नुपर्छ।

सरकारको प्रभावकारी काम मापसे जस्तै काठमाडौं बाहिर, दुर्गम ठाउँमा पनि दुर्घटना रोक्ने अन्य प्रभावकारी कदम चाल्न आवश्यक छ ।

सडक दुर्घटना रोक्ने कामसँगै दुर्घटनामा परी घाइते भएकाहरुको तत्काल उद्धार गरी सक्दो चाँडो अस्पताल पुर्याउने व्यवस्था पनि गर्नुपर्छ। यदि दुर्घटनामा परेका घाइतेलाई यथासक्य चाँडो स्वास्थ्य संस्था पुर्याउन सकियो भने हेड इन्जुरीबाट अहिले भइरहेको मृत्यु संख्यालाई धेरै हदसम्म रोक्न सकिन्छ ।

विदेशमा टाउकोमा चोटपटक लागेका १ सय जनामा ६ जनाको मृत्यु हुन्छ भने नेपालजस्ता देशमा त्यो संख्या १ सयमा ३६ छ ।

एक त कडा चोट लाग्छ, उद्धार निकै ढिलो हुन्छ, अनि हामीकहाँ न्युरो चिकित्सक उपलब्ध भएका अस्पताल टाढा अझ भनौं काठमाडौंमा मात्र उपलब्ध छन्। बिरामी ल्याइपुर्याउँसम्म निकै ढिलो भइसक्छ र बचाउन सकिने अवस्था कम हुन्छ ।

टाउकोको बिरामीको उपचार गर्न सोचेजस्तो धेरै गाह्रो छैन, तर विशेषज्ञ चिकित्सकको कमी, भौगोलिक, समाजिक, आर्थिक लगायत कारणले हामीले धेरैलाई बचाउन सकिरहेका छैनौं ।

त्यसैले काठमाडौं केन्द्रित न्युरो विशेषज्ञ सेवालाई विकेन्द्रितकरण गर्नुपर्छ। सरकारले सबै प्रदेशमा भौतिक पूर्वाधार भएका सुविधासम्पन्न अस्पताल बनाउनुपर्छ ।

सरकारले भौतिक पूर्वाधार र सेवा-सुविधा व्यवस्था गरी राजधानी बाहिर न्युरोको उपचार सेवा विस्तार गरे न्युरो विशेषज्ञ चिकित्सकलाई त्यहाँ जान सक्ने वातावरण बन्छ। अहिले पनि २३ जना न्युरो सर्जन राजधानी बाहिर छन् ।

तर, सरकारले त्यो वातावरण बनाउनुपर्यो । सरकारले हेड इन्जुरी भएका बिरामीलाई उपचार बापत दिने १ लाख रुपैयाँ बराबरको सहयोग न्युरो सर्जन कार्यरत अस्पतालहरुमा विस्तार गर्नु आवश्यक छ ।

जापानिज □लुको किन हुँदैन नेपालमा अनुसन्धान?

जाडो मौसममा फ्लुका बिरामी बढ्दै गएको देखिन्छ। काठमाडौंमा कोही ओपिडी मार्फत त कोही भर्ना भएर उपचार गराइरहेका छन्। यो अरु केही हप्ता निरन्तर देखिनेछ। 'इन्फ्लुएन्जा भाइरस ए' अन्तर्गत स्वाइन फ्लु (एच(वान(एन(वान), हङकङ वा अस्ट्रेलियन फ्लु (एच(थ्रि(एन(टु), बर्ड फ्लु (एच(सेभेन(एन(नाइन) को बारेमा बढी सुन्ने गरेका छौं। तर, इन्फ्लुएन्जा भाइरस अन्तर्गत 'बी' र 'सी'को बारे कमैलाई थाहा हुन सक्छ। इन्फ्लुएन्जा भाइरस 'ए'पछि 'बी' नै सबैभन्दा मानिसमा बढी देखा पर्ने गर्छ ।

विश्व स्वस्थ्य संगठनको हालैको तथ्यांक हेर्ने हो भने, इन्फ्लुएन्जा भाइरस बी को हिस्सा झन्डै ४० प्रतिशत रहेको देखिन्छ। यो बी भाइरसलाई दुई प्रजातिमा बाँडिएको छ, जसलाई यामागाता र भिक्टोरिया भनिन्छ। यसमा पनि यामागाता प्रजातिको हिस्सा ८५ प्रतिशत रहेको देखिन्छ। यही फ्लु बी भाइरस अन्तर्गत पर्ने यामागाता प्रजातिलाई जापानिज फ्लु पनि भन्ने गरिन्छ ।

जापानिज फ्लु मानिसबाट मानिसमा सहजै सर्ने गर्छ। हाल नेपालमा फ्लु बी भाइरस देखिने क्रम बढ्दै गएको छ। अहिले टेकु अस्पतालको बहिरंग विभागम फ्लु प्रमाणित बिरामीमा फ्लु बी भाइरस बढी देखिएको छ। विश्व स्वस्थ्य संगठनको तथ्यांक हेर्ने हो भने हाल विश्वमा नै जापानिज फ्लु व्यापक फैलँदै गएको देखिएकाले नेपालमा पनि यसको उपस्थिति बलियो रहेको अनुमान गर्न सकिन्छ। तर, यसबारे नेपालमा हाल अनुसन्धान भएको छैन ।

जापानिज फ्लु हाल बेलायत लगायत विश्वका विभिन्न देशमा प्रकोपका रुपमा फैलँदै गएको देखिन्छ। तसर्थ, विश्व स्वस्थ्य संगठनले सन् २०१८ को फ्लु खोपमा जापानिज फ्लुलाई पनि समावेश गर्न आग्रह गरेको छ। इन्फ्लुएन्जा भाइरस ए र बी का लक्षणहरुमा खासै ठूलो भिन्नता नहुने भए पनि इन्फ्लुएन्जा भाइरस ए अली कडा र छिटोछिटो जीनमा परिवर्तन हुनेगर्छ। इन्फ्लुएन्जा भाइरस बी तुलनात्मक रुपमा एभन्दा कम कडा र दुईदेखि तीन गुणाले कम जीनमा परिवर्तन हुनेगर्छ ।

त्यस्तै फ्लु बीले बच्चालाई बढी संक्रमण गर्नेगर्छ। हात बारम्बार सफा गर्ने बनी नहुनाले बच्चाहरु छिटो संक्रमित हुनेगर्छन्। नेपालमा पनि इन्फ्लुएन्जा बीको अनुसन्धान गर्न सके फ्लु बीको कुन प्रजातिको खोप प्रयोग गर्ने भनेर निर्क्यौल गर्न सकिने थियो। विश्व स्वस्थ संगठनले जापानिज फ्लु खोपमा राख्न सल्लाह दिए पनि नेपाल लगायत दक्षिण एसियाली देशमा कुन प्रजाति हाबी छ भनेर सल्लाह दिँदा अझ राम्रो हुनेथियो ।

जापानिज फ्लुका लक्षण

१) उच्च ज्वरो,
२) टाउको दुख्ने,
३) नाकबाट पनि बग्ने वा हाच्छिउँ आउने,
४) खोकी लाग्ने,
५) जिउ आलश्य हुने, आदि ।

हाल नेपालमा इन्फ्लुएन्जा बढ्दै गएकाले खासगरी दीर्घ रोगी, ६५ वर्षमाथिका जेष्ठ नागरिक र बालबालिकालाई विशेष सावधानीमा राख्नुपर्छ ।

-डा शेरबहादुर पुन

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

सप्तरीमा खेती गर्ने भन्दा पासपोर्ट बोक्ने धेरै



राजविराज /
सप्तरीमा धान उत्पादन बसेनि घट्न थालेको छ। जिल्ला कृषि विकास कार्यालय सप्तरीको तथ्यांक अनुसार विगत ४ वर्षदेखि जिल्लामा लगातार धान उत्पादन घट्दो क्रममा छ।

कुल ७० हजार हेक्टर खेतीयोग्य जमिनमध्ये यस वर्ष ५४ हजार ५ सय हेक्टरमा धान बाली लगाइएको थियो। रोपाइँको समयमा पर्याप्त सिँचाइ नहुँदा ७ हजार हेक्टर जमिन बाँझै रह्यो। रोपाइँ भएको धानबाली समेत साउनको दोश्रो र तेस्रो साताको बाढीले पुरेपछि कतिपय किसानले धानबाली उठाउनै पाएनन्।

करिब ८ हजार ५ सय हेक्टर धानबाली बाढीले बगाएको र बाँकी रहेको बालीवाट किसानले कुल १ लाख ४९ हजार ८ सय ७५ मेट्रिकटन धान उत्पादन ~~गरेको जिल्ला कृषि विकास~~ कार्यालय सप्तरीले जनाएको छ। यस वर्ष सरदर २ दशमल ७५ मेट्रिकटन प्रतिहेक्टरका दरले धान उत्पादन भएको कृषि विकास अधिकृत भागिरथ यादवले जानकारी दिए।

सप्तरीमा धानबालीमा क्षति भएको र उत्पादन घटेको यो पहिलो वर्ष भने होइन। कृषि विकास कार्यालयको तथ्यांक हेर्दा हरेक वर्ष धानको उत्पादकत्व घट्दो दरमा छ। आर्थिक वर्ष ०७०र०७१ र ०७१र७२ मा जिल्लामा औसत ३ दशमलव ५ मेट्रिकटन प्रतिहेक्टर धान उत्पादन भएको थियो। आव २०७३र०७४ उत्पादकत्व घटेर २ दशमलव ५ मैट्रिकटन प्रतिहेक्टरमा पुगेको कार्यालयले जनाएको छ।

'धान उत्पादनको यो दर अत्यन्तै निरासाजनक हो,' कृषि विकास अधिकृत यादव भन्छन्, 'खेती प्रणालीलाई वैज्ञानिकीकरण गर्दै सिँचाइ, मल लगायत आवश्यक व्यवस्था गर्न सके सप्तरीमा धान उत्पादनको दर प्रतिहेक्टर ४ देखि ५ मेट्रिकटनसम्म पुर्‍याउन सकिन्छ।'

रोपाइँको समयमा सिँचाइ अभाव, त्यसपछिको बाढी अनि पानीको आवश्यक पर्ने समयमा लगातार खडेरी पर्दा धानको उत्पादन घट्दै गएको उनी बताउँछन्। हरेक वर्ष सिँचाइ प्रणालीमा कुनै न कुनै समस्या आउने, समयमा वर्षा नहुने र विभिन्न विकल्प अपनाएर रोपाइँ गरिहाले पनि मल-खादको समस्या तथा बाढी र खडेरीका कारण उत्पादनमा असर गर्ने समस्याले सप्तरीका किसान पीडित छन्।

सप्तरीमा ५६ हजार हेक्टरभन्दा बढी खेतीयोग्य जमिनलाई सिञ्चित क्षेत्र मानिन्छ। जिल्लामा चन्द्रनहर, कोसी पश्चिमी नहर र कोसी पम्पनहर प्रणाली गरी तीन वटा ठूला सिँचाइ प्रणाली र ग्रामीण पूर्वाधार विकास कार्यक्रम तथा सिँचाइ सेक्टर अन्तर्गतका अन्य साना-तिना सिँचाइ पूर्वाधार पनि छन्। तर, अधिकांश सिँचाइ प्रणालीको अवस्था जीर्ण र अस्तव्यस्त हुँदा हरेक वर्ष सिँचाइ अभावकै कारण १० देखि ४० हजार हेक्टरसम्म खेतीयोग्य जमिन बाँझो रहन्छ।

कृषि विकास कार्यालयकै तथ्यांक अनुसार आर्थिक वर्ष ०७०र०७१ मा ६० हजार २ सय हेक्टर, ०७१र०७२ मा ४२ हजार हेक्टर र ०७२र०७३ मा ३२ हजार ९ सय हेक्टरमा मात्रै धान बाली लगाइएको थियो। यसरी हेर्दा आव ०७०र७१ मा ९ हजार ८ सय हेक्टर,०७१र०७२ मा २८ हजार हेक्टर र ०७२र०७३ मा ३७ हजार १ सय हेक्टर जमिन बाँझो रहेका कारण पनि उत्पादन घटेको कृषि विकास कार्यालयले जनाएको छ।

धान उत्पादनमा कमि आउन थालेपछि सप्तरीका किसान निरास छन्। खासगरी जिल्लाको पश्चिम-दक्षिण भेगका किसानहरु खडेरीको मारमा पर्ने गरेका छन् भने भने पूर्वी र दक्षिणी भेगका किसानलाई हरेक वर्ष बाढीले सताउने गरेको छ।

'सिँचाइ सुविधा छैन, समयमा वर्षा पनि हुँदैन। जसोतसो रोपेको धान पनि कि त बाढीले लान्छ, कि त खडेरीले डढाउँछ,' राजविराज-१३, भेल्हीका वल्लीप्रसाद यादव भन्छन्, 'अब त खेतीप्रतिको मोह नै हरायो।' अनेक समस्या खेपेर लगाइएको धानखेतीबाट सन्तोषजनक उत्पादन नभएपछि पछिल्लो पुस्ताले खेती गरेर जिविका चलाउने सोच नै परिवर्तन गरेको उनको बुझाइ छ। 'गाउँका युवा खेती गर्नुभन्दा पासपोर्ट बनाउन अघि सर्छन्,' यादवले थपे, 'श्रम गर्न सक्ने युवा विदेशिन लालायित भएपछि कसको भरमा खेती गर्नु? खेती गर्नेभन्दा पासपोर्ट बोकेर बिदेशिने धेरै भएपछि खेती त बाँझो हुने नै भयो।'

नेपाल लाईभबाट

सप्तरीमा .....

निष्कर्षसहित उनले नगरपालिकामा निवेदन दिएका हुन्।

यसैगरी, राजविराज नगरपालिका वडा नम्बर २ का देवेन्द्रप्रसाद देवले पत्नी रञ्जनासँग सम्बन्ध विच्छेदको मागसहित गत वैशाख २२ गते निवेदन दर्ता गराएका छन्। ०६२ असार २६ गते मागी विवाह गरेका दुवैबीच सुरुवाती समयदेखि नै राम्रो सम्बन्ध भएन।

'विवाहको पहिलो दिन कल्पनाले मसँग कुरा गर्नै मानिनन्, नबोलेरै रात बित्यो', उनले आफनो निवेदनमा उल्लेख गरेका छन्, 'निकै दबाव दिएपछि आफ्नो अर्कै केटासँग प्रेम रहेको र बाबुमाको करकापमा विवाह गर्नुपरेको भन्दै कल्पनाले मलाई पति अस्वीकार गरिन्।'

उनले परिवारलाई समस्या बताए समाजमा इज्जत जाने पीरले जसोतसो सम्बन्ध धान्दै गए। तर, पत्नीमा कुनै परिवर्तन नदेखिएपछि दुवै परिवारको सल्लाह अनुसार साउन ५ गते माइती पठाइदिए। सम्बन्ध सुधारेर बस्न बाबुआमाले दिएको दबाव थेग्न नसकेर रञ्जनाले विष सेवन गरिन्। सगरमाथा अञ्चल अस्पतालमा ६ दिन उपचारपछि उनको ज्यान बच्यो। सम्बन्ध विच्छेद गराउने सर्तमा ०६४ भदौ १ गते उनी घर फर्किइन्। यसैबीचमा ०६५ जेठ १६ गते उनीहरुका छोरा (कृष्णमोहन) को जन्म भयो। अपेक्षा विपरीत कल्पना ०६५ कात्तिक २० गतेपछि छोरासहित माइत बस्न थालिन्। कल्पनाले आफूलाई पति मान्न अस्वीकार गरेको र सम्बन्ध विच्छेद पनि चाहेकाले सोही अनुरुप गरिपाऊँ भनी उनले दिएको निवेदनमा माग गरिएको छ। नगरपालिकाले उनको निवेदन तामेलीमा राखेको छ।

राजविराज नगरपालिका स्थानीय सरकार सञ्चालन ऐन ०७४ ले न्यायिक समिति मार्फत विभिन्न १३ प्रकारका मुद्दा निरुपण गर्न सक्ने अधिकार दिएपछि यतिबेला नगर तथा गाउँपालिकामा सम्बन्ध विच्छेदका निवेदन आउन थालेका हुन्। यसअघि भने यस्ता निवेदन जिल्ला अदालतले मात्र हेर्ने गर्थ्यो।

स्थानीय तहमा पुरुष वादी भएका सम्बन्ध विच्छेदका निवेदन समेत धमाधम दर्ता हुन थालेका छन्। राजविराज नगरपालिकाका प्रशासकीय अधिकृत प्रफुल्ल श्रेष्ठका अनुसार चालु आर्थिक वर्षमा दर्ता भएका कुल ७ मध्ये ६ वटा मुद्दा सम्बन्ध विच्छेदका मात्रै छन् जसमध्ये ५ वटा मुद्दालाई म्याद तामेल गरिएको जानकारी दिँदै अघिल्लो वर्षको तुलनामा यस वर्ष सम्बन्ध विच्छेदका मुद्दा बढेको उनले बताए।

यो आर्थिक वर्षमा दर्ता भएकामध्ये एक थान निवेदन मात्र महिलाले दर्ता गरेको देखिन्छ। पुरुषले सम्बन्ध विच्छेदका लागि मुद्दा हाल्नेबारे **के छ कानुनी प्रावधान ?**

मुलुकी ऐनमा लोग्ने(स्वास्नीको महल दफा १ को (क) मा लोग्ने मानिसले सम्बन्धित गाविसरनगरपालिकामा ३ वर्षसम्म लोग्नेको मञ्जुरी बेगर अन्यत्र बसेमारनिजको इज्जतमा पर्ने गरी ज्यान जाने, अंगभंग गर्ने, मानसिक कष्ट दिने कार्य गरेको वा यौन सम्बन्धी रोग लागी निको नहुने भएमा वा अरु पुरुषसँग करणी गराएमा पतिले गाविसरनपा (हाल गापारनपा) मा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्न पाउने व्यवस्था गरेको छ।

सम्बन्ध विच्छेदका लागि महिलाले सीधै अदालतमा मुद्दा दर्ता गर्न पाउने व्यवस्था भए पनि पुरुषका हकमा स्थानीय तह मार्फत जानुपर्ने व्यवस्था रहेको अधिवक्ता तथा राजविराज नगरपालिकाका कानुनी सल्लाहकार शिवकुमार चौधरी बताउँछन्। स्थानीय सरकार सञ्चालन ऐन ०७४ को परिच्छेद ८ को दफा ४६ मा उपमेयरर उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति गठन हुने व्यवस्था छ। दफा ४७१) अनुसार समितिले १३ वटा मुद्दा निरुपण गर्न सक्छ।

मुद्दा दर्ता भएपछि दफा ४७ को उपदफा २(ग) अनुसार समितिले प्रतिउत्तरका लागि दोस्रो पक्षलाई म्याद दिई सामेल गराई तारेखमा राख्ने, मेलमिलाप गराउने र १ वर्षभित्र मुद्दा किनारा नलागे रायसहित फाइल (मुद्दा) सम्बन्धित अदालतमा पठाउने व्यवस्था छ।

जिल्ला अदालतमा पनि उस्तै

जिल्ला अदालत राजविराजमा चालु आर्थिक वर्षमा कुल ३९ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका छन् जसमध्ये २७ वटा मुद्दा विचाराधीन छन् भने १२ वटा मुद्दाको फैसला भएको छ। अदालतका तहसिलदार किरण सिंहका अनुसार ०७२ देखि हालसम्म दर्ता भएका कुल २ सय ६ मध्ये १ सय ५८ वटा सम्बन्ध विच्छेदका मुद्दाको फैसला भइसकेको छ। ४८ वटा मुद्दा किनारा लाग्न बाँकी छ।

बढ्दो सम्बन्ध विच्छेद र कारण

बदलिँदो सामाजिक परिवेश, पश्चिमा संस्कृतिको प्रभाव र वैदेशिक रोजगारीका कारण सम्बन्ध विच्छेदका मुद्दा प्रतिदिन बढ्दै गएको जानकारहरु बताउँछन्। वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति-पत्नी छुट्टिएर बस्नुपर्दा सम्बन्धमा दरार उत्पन्न हुने गरेको राजविराज ७ का वैजनाथ जोशी बताउँछन्। 'निवेदनमा जेसुकै लेखिएको भए पनि भित्री कुरा चाहिँ एक-आपसको सम्बन्ध नै हो', उनी भन्छन, 'स्थानीय स्तरमा रोजगारीको व्यवस्था र नैतिक शिक्षालाई विस्तार गर्न सके सम्बन्ध विच्छेदको संख्या आधा घटाउन सकिन्छ।'

प्रेस काउन्सिललाई मधेश उप-समितिको आग्रह

राजविराज / नेपाल पत्रकार महासंघ केन्द्रीय समिति अन्तर्गतको मधेश उप-समितिको बैठकले विभिन्न महत्वपूर्ण निर्णय गरेको छ ।

बैठकले बिगतमा प्रेस काउन्सिल नेपालले पत्रपत्रिका बर्गिकरणमा तराई मधेशका पत्रपत्रिकालाई बिभेद गरेको ठहर गर्दै आगामी दिनमा बर्गिकरणमा मधेशका पत्रपत्रिकालाई निष्पक्ष ढङ्गबाट वर्गिकरण गर्न केन्द्रीय समिति मार्फत काउन्सिललाई आग्रह गर्ने निर्णय गरेको हो । बैठकले उपसमितिको सदस्यमा धनुषा शाखाका अध्यक्ष अनिल मिश्र र काठमाण्डौ शाखाका सचिव(मधेशी) विनयकुमार महतोलाई चयन गर्ने निर्णय गरेको छ ।

यसैगरि काठमाण्डौका कार्यरत मधेशी पत्रकारहरुको भेला गर्ने निर्णय गर्दे उपसमितिले गत असार साउनमा तराई मधेशमा आएको बाढीको रिपोर्टिङका बेला सञ्चार साधनमा क्षति भएका पत्रकारहरुलाई राहत प्रदान गर्न केन्द्रीय समितिलाई आग्रह गर्दे निर्णय समेत उपसमितिले गरेको मधेश उप-समितिका संयोजक अवधेशकुमार झाले जानकारी दिएका छन् ।

वन विनास गर्नेलाई जेल पठाउँछु: डिएफओ सिंह

सप्तरी / सप्तरीको महुलीमा शुक्रवार एक दिने इलाका स्तरिय सामुदायिक वन योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ ।

सामुदायिक वनको नियमन तथा सुदृढिकरण गर्ने उदेश्यले ईलाका वन कार्यालय महुलीको पहलमा जिल्ला वन कार्यालय सप्तरीले सो गोष्ठीको आयोजना गरेको हो । कार्यक्रममा जिल्ला वन अधिकृत धिरेन्द्र प्रसाद सिंहले सामुदायिक वन सञ्चालन तथा संरक्षण सम्बन्धि उपभोक्ताहरुले अपनाउनु पर्ने आचारसंहिताको बारेमा नेपाल सरकारको नीतिगत व्यवस्थाको विवेचना गरे । गोष्ठीका प्रमुख अतिथि सिंहले वनको संरक्षण हुन सकेमा मात्र मानव जीवनको अस्तित्व जोगिने बताए ।

वन पैदावारले वातावरण संरक्षण गर्नुको साथै यसले चुरेको माटोलाई जोगाएर राखेको हुँदा मानव बस्ती सम्भव भएको उनले तर्क गरे । उनले भने 'वनमा डढेलो नियन्त्रण गर्न अग्नीरेखा बनाउने, पानी पोखरी बनाउने, बिरुवाको संरक्षण गर्नेतथा माटो बग्नबाट जोगाउने गरेमा चुरेको संरक्षण गर्न सकिन्छ ।' उनले वन बिनासमा लाग्ने जो कोहीलाई पनि सोझै जेल पठाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सामुदायिक वनले आ.व. ०७४।७५ मा गर्नेबार्षिक कार्यक्रम, लेखा परीक्षण, कार्ययोजना नविकरण, वन संरक्षणकोलागि गस्ती परिचालन, अनुगमन, डढेलो नियन्त्रण लगायतका विषयमा छलफल भएको थियो ।

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रबाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौ ।
– शहरलाई प्लाष्टीक र प्रदुषणयुक्त बनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु बढीमात्रामा प्रयोग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक बत्ति समयमा बाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै बिक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौ ।
– सभ्य नागरिक बनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका बनाऔ ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौ ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौ ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलबारी बनाऔ साथै बोट बिरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौ
– नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै बिक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौ ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक बनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका बनाऔ ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका १फत्तेपुर हटिया छिर्ने बाटो

खुशीको खबर ! खुशीको खबर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९८४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा बवासीर, हाइड्रोसिलको अपरेसन बिना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा



प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,

IME सेवा: यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अब तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१



Complete Mobile & Computer Concern
extra easy zone for excellent service in electrics, education & entertainment
Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com



